नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं.

## कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न २०७८/०१/२३ गते विहान ६:०० बजेबाट सिरहा जिल्ला भर लागु हुने गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।

मिति २०७८/०१/२१

कोभिड-१९ दोस्रो स्वरुपको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) को २०७८/०१/०६ को निर्णय तथा CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्ति मा उल्लेखित विषय लाई कार्यान्वयन गर्न DCCMC सिरहाबाट मिति २०७८/०१/०६,२०७८/०१/०९, २०७८/०१/१३, २०७८/०१/१८ गते भएका निर्णय र मिति २०७८/०१/१९ म.व. ३२१/५२८६ का निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउन DCCMC एवम् जिल्ला सुरक्षा समिति सिरहाको मिति २०७८/०१/२१ को निर्णय/सिफारिस समेतका आधारमा ;

कोभिड-१९ दोस्रो लहरको संक्रमण अत्यन्त जोखिम स्थितिमा बढ्दै गएकोले सर्व साधारणको स्वास्थ्य हितलाई ध्यानमा राखी **२०७८/०१/२३ गते विहान ६:०० बजे बाट लागु हुने गरी अर्को व्यवस्था नहुँदासम्म सिरहा जिल्ला भर** देहाय बमोजिम गर्न गराउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) एवम् संक्रामक रोग ऐनको दफा २(२) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ;

क) यस अघि अवलम्वन गरिएका हाट, बजार, मेला, भेला, सामुहिक भोज , नाचगान, जुलुस ऱ्याली नगर्ने नगराउने।
तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृति कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा/गा.पा. को कार्यालयको स्वीकृतिमा मात्र २५ जनामा नबढ्ने गरी विधि पु-याई सम्पन्न गर्ने,

ख) शैलुन, जिमखाना, स्पा.,साउना संचालन नगर्ने ,

ग) स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई औषधी, पानी, दुध डेरी र पेट्रोलीयम पदार्थ निर्वाध रुपमा व्यवशाय गर्ने।

घ) खाध्यान, फलफुल र तरकारी विहान ६:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म, निर्माण सामाग्री खसाली भण्डारण गर्न वाहेक विहान ६:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म व्यवसाय गर्ने,

क्रमश:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं.

ङ) कृषि, उद्योग तथा विकास निर्माण - स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा अपनाई - उत्पादन तथा वितरण गर्न पाईने तर हाट बजार लगाउन नपाउने ।

च) म्याजिक, अटो रिक्सा, बस तथा निजि सावरी समेतमा स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गरी सिट क्षमता भन्दा बढी यात्रु/वाहक नराख्ने र सार्वजनिक यातायातमा तोकिएको भाडा भन्दा बढी भाडा नलिने /नदिने,

छ) भाडाका यात्रु वाहक तथा परिचय पत्रधारी कर्मचारी वाहेकको निजि सवारी साधन गते अनुरुप जोर विजोरमा मात्र चल्ने । यसरी २०७८/०१/२३ को दिन विजोर नं. भएकाहरु चल्ने । यसमा दमकल, एम्वुलेन्स, सुरक्षा निकाय, अस्पताल, अत्यावश्यक पदार्थ ढुवानी तथा आपतकालिन उद्धारका सवारी साधन चल्ने,

ज) टेक अवे, होम डेलिभरी वाहेक विहान ८:०० बजे देखि वेलुकी ८:०० बजे वाहेकको समयमा होटल तथा रेष्टुरा संचालन नगर्ने । सो समयमा समेत स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्वन गर्नु पर्ने तर्फ अनुगमन गर्ने ।

झ) CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाए अनुरुप संचालन नगर्ने ।

ञ) यस अघि अवलम्वन गरिएको मास्क नलगाई हिड्ने वा भौतिक दुरी समेत कायम नगर्नेलाई संक्रमण रोग ऐन, २०२० अनुरुप तत्काल रसिद मार्फत रु.१००/- रुपैया एक सय जरिवाना गरी दाखिला गरिने हुँदा अति आवश्यक काम नपरी घर वाहिर ननिस्कन, निस्कनै परेमा माक्स लगाउने - दुरी कायम गर्ने, सावुन पानीले हात धुने वा आवश्यक्ता अनुसार स्यानीटाइजरको प्रयोग गर्नु पर्ने ।

उपरोक्त आदेशको पालना गर्न गराउन - जिल्ला समन्वय समितिको कार्यालय, सबै न.पा/गा.पा. (१७), जन प्रतिनिधी तथा राजनीतिककर्मी, जिल्ला स्थित सबै सुरक्षा निकाय, सामाजिक संघ संस्था, व्यवसायी, वुद्धिजिवी, अन्य सरोकारवाला एवम् सर्व साधारण समेतमा अनुरोध छ ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी